स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनयको २५ वर्ष लामो करियरमा गायक आनन्द कार्कीको चर्चित गीत 'लाग्छ मन हेरिरहूँ' गीतको एकमात्र म्युजिक भिडियो अभिनय गरेकी अभिनेत्री रेखा थापा फेरि भिडियोमा देखिने भएकी छन्। उनी प्रकाश सपुतको कम्पोजिसन तथा निर्देशनमा तयार भएको 'नाइँ भनेसि नाइँ' बोलको भिडियोमा देखिन लागेकी हुन्।

**आजको विचार...**



गथांमुग...
(दुई पेजमा)

मदन देउराली



चन्द्र पन्तको निर्देशन रहने फिल्म 'आ बाट आमा' मा अभिनेत्रीको रूपमा सिमरन पन्त अनुबन्धित भएकी छन्। निर्माण टिमले उनलाई फिल्मको मुख्य भूमिकामा भित्र्याएको हो। फिल्ममा उनी अभिनेता पल शाहसँग जोडीको रूपमा देखिने निर्माण युनिटले जनाएको छ। सिमरनले यसअघि फिल्म 'होस्टेल ३' मा अभिनय गरेकी थिइन्। 'आ बाट आमा' उनको दोस्रो फिल्म हो। फिल्ममा यसअघि नै अभिनेत्री बिपना थापा, साथै तेलुगु, हिन्दी र तमिल फिल्मका चर्चित अभिनेता प्रदीप रावत अनुबन्ध भइसकेका छन्।

❐ वर्ष ३१ ❐ अंक ७ ❐ २०८२ साउन ७ गते बुधबार 23 July 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विमान दुर्घटना २७ को मृत्यु

(रासस/एएफपी)

**ढाका,** साउन ६/बङ्गलादेशको एक स्कुलमा प्रशिक्षण लडाकू जेट दुर्घटना हुँदा २५ बालबालिका र अन्य दुई जनासहित २७ जनाको मृत्यु भएपछि मङ्गलबार परिवारहरू र शिक्षकहरू भेला भएका छन् । यो दशकौँको सबैभन्दा घातक विमान दुर्घटना हो । चिनियाँ निर्मित एफ-७ बिजेआई विमान माइलस्टोन स्कुल एन्ड कलेजमा खसेको बेला अधिकांश पीडित विद्यार्थीहरू भर्खरैकक्षाबाट बाहिर निस्किएका थिए । 'अहिलेसम्म २७ जनाको मृत्यु भइसकेको छ । तीमध्ये २५ जना बालबालिका र एक जना पाइलट छन्', स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका मुख्य सल्लाहकारका विशेष सहायक सैयदुर रहमानले २० जनाको मृत्यु सङ्ख्यालाई अद्यावधिक गर्दै भने, 'विभिन्न अस्पतालमा ७८ जनाको उपचार भइरहेको छ ।' दुर्घटनामा १७० जनाभन्दा बढी घाइते भएका कारणबारे अनुसन्धान गरिरहेको सेनाले जनाएको छ । सामान्यतया व्यस्त रहने स्कुल मङ्गलबार बिहान एकदमै शान्त थियो, कक्षाहरू रद्द गरिएको थियो । 'बालबालिकासहित स्कुलले पनि ज्यान गुमाइसकेको छ', आफ्नो छोरा मुस्किलले दुर्घटनाबाट बचेका ४५ वर्षीय शिक्षक शहादत होसेनले भने, 'प्रभावित भवनको अगाडि दुईवटा झुला छन् । खाजा समय र स्कुलपछि बालबालिकाहरू त्यहाँ खेल्छन् । सोमबार पनि विमान दुर्घटना भएको समयमा विद्यार्थीहरू ती झुलामा थिए ।'

# गुल्मी बाढी र पहिरोको उच्च जोखिममा

## दुई सय बस्तीका २२ हजार नागरिक प्रभावित हुने




रासस

**गुल्मी,** साउन ६/यहाँ करिब दुई सय बस्ती बाढी पहिरोको उच्च जोखिममा रहेका छन् । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसार जिल्लाका दुई सय जति ठाउँ बाढी र पहिरोको जोखिममा रहेको तथ्याङ्क सार्वजनिक गरेको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लामा वर्षातको समयमा बाढी र पहिरोबाट २२ हजारभन्दा बढी नागरिक प्रभावित हुने अनुमान गरेको छ । त्यसअन्तर्गत मुसिकोट नगरपालिकाका बाढीपहिरोबाट जिल्लामा सबैभन्दा धेरै जोखिम अवस्थामा रहेको बताइएको छ । मुसिकोटका १० स्थान बाढी र १६ स्थान पहिरोको जोखिममा रहेका छन् । मुसिकोटको समुन्द्रे, कालिरहलगायत बडिगाड नदी किनार बाढीको जोखिममा छन् भने सिम्ले, तोलादी, दजाकोट लगायतका स्थान पहिरोको जोखिममा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । मुसिकोटमा २०६४ र २०८१ मा गरेर पहिरोबाट दश जनाले ज्यान गुमाएका थिए । त्यसैगरी मालिकाका नौ स्थान बाढीको र अन्य सबै वडा पहिरोको जोखिममा परेका छन् । तीमध्ये पनि १८ स्थानलाई विशेष क्षेत्रका रुपमा राखिएको छ । मालिकामा छल्दीखोला, घमिर खोला, निस्ती र दुनाम खोला किनार बाढीको जोखिममा छन् भने नेटा, म्याला, जुकेना र आठमिरेलगायतका स्थान पहिरोको उच्च जोखिममा रहेका छन् । सत्यवती गाउँपालिकामा मुख्य नौ स्थान बाढी र पहिरोको जोखिममा रहेका छन् । बाढीबाट बडिगाड क्षेत्रका उल्लीखोला, साहाघाट, रुद्रवेणी र लुम्दिखोला प्रभावित क्षेत्रका रुपमा रहेका छन् । ठुलोलुम्पेक, चेहेमी, लिम्घा, हँसरा र अस्लेवा पहिरोको जोखिममा रहेका छन् । सत्यवती गाउँपालिकामा २०७६ सालमा पहिरोबाट १३ जनाको ज्यान गएको थियो । तत्कालीन समयमा ३ सय बढी परिवार विस्थापित भएका थिए । गत वर्ष पहिरोले मालिकाका एकै परिवारका पाँच जनाको ज्यान गएको थियो । विभिन्न वडामा करिब १०० घरपरिवार विस्थापित भएका थिए । छत्रकोट गाउँपालिकाका १४ स्थान बाढी र २५ स्थान पहिरो, इस्माका सात स्थान बाढी र १० स्थान पहिरो, चन्द्रकोटका पाँच स्थान बाढी तथा १० स्थान पहिरो र मदानेका ३० स्थान पहिरोको जोखिममा रहेका छन् । समय-समयमा पहिरोले ठूलो मानवीय तथा भौतिक क्षति भए पनि जिल्लामा स्थानीय सरकार र प्रशासनले जोखिम न्यूनीकरणका लागि ठोस योजना बनाउन तथा कार्यान्वयन गर्न सकिरहेको छैन ।

*-बाँकी अन्तिम पेजमा...*

# मकैबाली जोगाउन हेरालु नियुक्त



**अर्घाखाँची,** साउन ६/अर्घाखाँचीमा वन्यजन्तुबाट बालीनाली जोगाउन हेरालु नियुक्त गरिएको छ । सो कार्यका लागि २० कर्मचारी नियुक्ति गरिएको छ । कार्यालयले वन्यजन्तु प्रभावित क्षेत्रलाई लक्षित गरी वन संवर्द्धन प्राणालीमा आधारित वन व्यवस्थापन कार्य गरिरहेका १० समूहको समेत लागत साझेदारीमा जिल्लामा पहिलोपटक २० स्थानका लागि हेरालु नियुक्त गरिएको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले बताए ।

कार्यालयले आगामी कात्तिक ५ गतेसम्मका लागि मकैबालीलाइ लक्षित गरी सञ्चार तथा पारिश्रमिक खर्च व्यहोर्ने गरी हेरालुलाई प्रभावित क्षेत्रमा आवश्यक सामग्रीसहित खटाएको छ । वन्यजन्तुबाट प्रभावित सन्धिखर्क नगरपालिकाको किमडाँडा र पटुवाथुम, पाणिनी गाउँपालिकाको पाली र अडगुरी, छत्रदेव गाउँपालिकाको चिदीका, बल्कोट, केरुङगा र अर्घातोष तथा मालारानी गाउँपालिकाको खनलगायतका स्थानमा उनीहरुलाई खटाइएको कार्यालयका सूचना अधिकारी केशव खड्काले बताए । छवटा स्थानीय तहका १० क्षेत्रमा दुई-दुई जनाका दरले हेरालु राखिएको छ । हेरालुले मासिक रु १० हजार पारिश्रमिकसहित सञ्चारक खर्च पाउने छन् । शीतगङ्गा नगरपालिकामा वन व्यवस्थापनमा खटिएको १० सामुदायिक वनले मासिक दुई लाख सहयोग गरेको छ । साउनदेखि कात्तिक ५ गतेसम्म खेतबारीमा रहने मकै, सिमी, बोडी, फर्सी, काँक्रालगायतका अन्न र तरकारी बालीमा बाँदर र बँदेलको आतङ्क हुने भएकाले यस वर्ष परीक्षणका रूपमा हेरालु राखिएको हो । नियुक्त गरिएका कर्मचारीलाई बाँदर र बँदेल धपाउन तालिम पनि दिइएको थियो । हेरालुले दिनभर गरेको कामको विवरण हरेक दिन डिभिजन वन कार्यालयमा पठाउन निर्देशन दिएको सूचना अधिकारी खड्काले जानकारी दिए । *- रासस*

# आज नेवार समुदायमा घण्टाकर्ण पर्व मनाइँदै




**पाल्पा,** साउन ६/नेवार समुदायमा आज गथाँमुग पर्व अर्थात् घण्टाकर्ण चतुर्दशी मनाइँदै छ । दोवाटो र चौवाटोमा नर्कटको लिङ्गाकृति तीन खुट्टे गथाँमुग ठड्याई नेवार समुदायमा गथाँमुग पर्व मनाउने गरिन्छ ।

यो प्रत्येक वर्ष श्रावण कृष्ण चर्तुदशीका दिन मनाइने घण्टाकर्ण पर्वलाई काठमाडौं सहित पाल्पाका नेवार समुदायले भने गठेमंगल पर्वका रुपमा मनाउने गर्दछन् । यो पर्व नेवार समुदायले लुतो फाल्ने पर्वको रुपमा पनि मनाउने गर्दछन् । नेवार समुदायमा घर शान्तिको कामना गर्दै यो पर्व मनाउने गर्छन् । गठेंमंगा: पर्व अर्थात् घण्टाकर्ण नेवारहरूको मौलिक पर्व मध्येको एक हो । वर्षको चार वटा प्रमुख चतुर्दशी घण्टाकर्ण चतुर्दशी, बाला चतुर्दशी, तिहारको काग चतुर्दशी र शिवरात्रि चतुर्दशीमध्ये घण्टाकर्ण चतुर्दशी नेवार समुदायले मात्र मनाउने भएकाले यसलाई नेवार समुदायको मौलिक पर्वका रूपमा लिने गरिएको हो । यस दिनमा आफ्नो घर गृह शान्तिको कामना गर्दै आफ्ना परिवारलाई रोग व्याधि नलागोस् भनेर घण्टाकर्णको पूजा गरिन्छ । घर र परिवारलाई भूतप्रेत नलागोस् भनेर बौ वाय् ज्या (भूत मन्छाउने कार्य) यो पर्वको मौलिक परम्परा रहेको संस्कृतिविद्हरू बताउँछन् । आज तानसेनका नेवार समुदायले दोबाटो र चौबाटोमा नर्कटको तीनखुट्टे लिंगाकृति गठांमो ठड्याई घण्टाकर्ण पर्व मनाउँदैन् । हरेक वर्ष जस्तै यस वर्ष पनि तानसेनको शितलपाटी, बसपार्क तथा नारायणटोलमा घण्टाकर्ण राखिएका छन् । मानवता विरोधी राक्षसबाट मुक्ति पाएको सम्झनामा आजको दिन बिहानै स्नान गरी घरलाई सफा सुग्घर पारेर हरियो नर्कट, निगालो र गहुँको छ्वाली मिसाएर तीन खुट्टे राक्षस बनाई दोबाटो चौबाटोमा उभ्याइन्छ । राती राँको बालेर भूत भगाइन्छ र पुतलाका रुपमा बनाइएको घण्टा कर्ण राक्षसको मुखमा आगो लगाएर घिसार्दै खोला किनारमा पुऱ्याइन्छ । अश्लिल गाली र गीत गाउँदै मनोरञ्जन गरेर घण्टा कर्ण राक्षसलाई जलाइन्छ । यसरी परम्परा देखी नै अश्लिल शब्दहरूको प्रयोग गर्ने छुट रहेको किम्बदन्ती पाउन सकिन्छ । परापूर्व कालमा दोबाटो चौबाटोमा बसेर जे पायो त्यही खाने र बाटो हिंड्ने मानिससित जगत पैसा उठाई दुख दिने घण्टा कर्ण गठेमङ्गल नाम गरेको राक्षस मारिएको दिन सम्झेर यो पर्व मनाउने गरिएको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्ययक्ष मदन देउरालीले बताए । आजैबाट बस्तीमा लामखुट्टे आउन समेत कम हुने जनविश्वास रहेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## वि.पि.को स्मरण औपचारिकमै सिमित

प्रजातान्त्रिक आन्दोलनका अग्रणी विचारक वि.पि. कोइरालाको ४३ औं स्मृति दिवस मंगलबार देशभर मनाइएको छ । नेपाली काँग्रेस र उसका भ्रातृ संगठनले विभिन्न कार्यक्रम गरी दिवस मनाएका छन् । नेपाली राजनीतिमा महत्वपूर्ण योगदान दिने, प्रजातन्त्र, राष्ट्रियता र समाजवादका चिन्तक बहुआयामिक व्यक्तित्व वि.पि.को विचार आजपर्यन्त उत्तिकै महत्वपूर्ण छ । कोइरालाको नामबाटै शुरु हुन्छ नेपाली राजनीतिको परिवर्तनको चरण । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि आजीवन संघर्ष गरेका दूरदर्शी नेता कोइरालाको विसं २०३९ साल साउन ६ गते निधन भएको थियो । प्रत्येक वर्षको साउन ६ गतेलाई वि.पि स्मृति दिवसका रूपमा विभिन्न कार्यक्रम गरेर मनाउने प्रचलन छ । उनको आदर्श, नैतिक मूल्यमान्यता र निष्ठाको राजनीति गर्दै आएको काँग्रेसले अहिले त्यो बाटो छोड्दै गएको होकि भन्ने अनुभूति भएको छ । आफ्नो सम्पूर्ण जीवनकाल प्रजातन्त्रको लडाइँमा समर्पित गरेका वि.पि २०१५ सालको संसदीय आमनिर्वाचनमा दुईतिहाई भन्दा बढी मतले विजयी भएपछि जननिर्वाचित पहिलो प्रधानमन्त्री बन्ने सौभाग्य प्राप्त गरेका थिए । तर विडम्बना, आफूलाई जनताको सेवक ठान्ने वि.पिको समाजवादको आदर्श चिन्तनलाई मुलुकमा प्रजातन्त्र आएको लामो समय हुँदासम्म पनि नेपाली काँग्रेसले साकार पार्न सकेको छैन ।

कोइरालाको स्मृति दिवस औपचारिकताका रुपमा मात्र मनाइँदै आइएको छ । यसो हुनु दुखद् हो । स्मृतिमा एकदिन हार्दिक श्रद्धाञ्जली अर्पण गर्नासाथ विचार र योगदानको सम्मान ठहर्दैन । वि.पि. विचारको अन्तिम निष्कर्ष हो– मानिस ठूलो बन्न नखोज, असल बन । ठूलो बन्ने चाहनाले हिंसा, परपीडन, युद्ध, संघर्ष, विभेद, विभाजन आदिलाई मलजल गर्छ । असलपन चरित्र हो, व्यवहार हो । मोदी आइनमार्फत वि.पि.ले दिएको सन्देश जसलाई मानवीय संवेदनाको अन्तरप्रेरक तत्व मान्न सकिन्छ । यो यथार्थमा कुनै विचार होइन । यसर्थ वि.पि.ले नेपाली राजनीतिक र साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर, सम्मान गर्दै अनुशरण गर्न सके मात्र दिवस मनाउनुको सार्थकता रहन सक्छ । अन्यथा यो औपचारिकतामै सिमित बन्दै जाने छ ।

### Opinion @ Social Network

सफल हुने मान्छेले कहिले गुनासो गर्दैन तर
असफल हुने मान्छे गुनासो गर्न कहिले छोडदैन।
*(सान्ता शर्माको फेसबुक स्टाटसबाट www.facebook.com//Shanta.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गथांमुग: र घण्टाकर्ण




प्रत्येक वर्ष जस्तै यस वर्ष पनि आजको दिन तानसेनको शितलपाटी, बसपार्क तथा नारायणटोलमा घण्टाकर्ण राखिएका छन् । आज यो बर्षको श्रावण कृष्ण चतुदर्शी । नेवारी संस्कृतिमा आजको दिन जीवनमा आउने बाह्य तथा आन्तरिक बाधाहरु एवं शत्रुबाट रक्षाको साथै आर्थिक र भौतिक उन्नति, घर-घरमा भएका दुषित बायुलाई धपाउन तथा घर परिवारका सदस्यहरुको ग्रह दशा कटाउन यो घण्टाकर्ण पर्व मनाइएको पाइन्छ । विभिन्न नामले आजको दिनलाई सम्बोधन गरिन्छ घण्टाकर्ण, गथांमुग, गथेमंगल आदि आदि । पहिला पहिला नेवारी समुदायमा घर परिवारका कोही सदस्य विरामी भएर उपचार गराउनु भन्दा कोही पनि विरामी नहोस् भनेर विभिन्न उपायहरु गर्दै आएको देखिन्छ । त्यही सन्दर्भमा गथांमुग पनि एक प्रक्रिया हो । समुदायलाई सुरक्षित राख्नु पर्छ भन्ने उद्देश्यले नै यो चाड मनाइएको भन्ने पनि गरिन्छ । यस दिन उपत्यका तथा उपत्यका बाहिर नेवार बस्ती भएका ठाउँहरुका टोल-टोलमा दोबाटो चौबाटोहरुमा नर्कट, छवाली तथा बाँस वा तितेपाटी घाँसका मुठाहरु पारी राक्षस जस्तो आकार भएको पुत्ला बनाई मुखमा डरलाग्दो भयानक राक्षसको जस्तो चित्र टाँसेर घण्टाकर्ण बनाएर दिनभरि राखिन्छ ।

बच्चाहरु वा ठूलाले बाटो हिड्ने बटुवाहरुसँग जगाती (कर) माग्दछन् र साँझपख घरघरबाट पनि जगाती (कर) उठाई तान्त्रिक विधिद्धारा पूजा गरि यसलाई मुखमा आगो बालि तानेर खोलामा लगेर मिल्क्याइन्छ । राक्षसले पनि त्यसै गरी जगाती माग्थ्यो भनेर त्यही सम्झनामा अहिले पनि जगाती मागिएको भनिन्छ । आफ्ना घर परिवार सदस्यहरु भूतप्रेत आदि दुष्ट आत्माबाट सुरक्षित हौन, कुनै बाधा अड्चन नहोस् सधैं सुरक्षित भैरहोस् तथा राक्षस वा भूतप्रेत आदि शान्त भैरहोस् भनेर पनि जगात दिने चलन रहेको मानिन्छ । यस सन्दर्भमा विभिन्न किंबदन्तिहरु रहेका छन् । देवताको नाम नै सुन्न नचाहने एक भयानक राक्षस आफ्नो कानमा ठूला ठूला घण्टा लगाएर हिड्थ्यो, त्यो राक्षस अति अत्याचारी थियो । दोवाटोमा बसेर बाटो हिड्ने बटुवाहरुसँग खानेकुरा मागेर खान्थ्यो नदिएमा त्यो मानिसलाई नै खाइ दिन्थ्यो । उनको डरले मानिसहरु घरबाट बाहिर निस्कन डराउँथे । यस्तो स्थिति देखेर त्यहाँका मानिसहरु एक जना तान्त्रिकसँग सल्लाह लिन पुगे । सबैको कुरा सुनिसके पछि तान्त्रिकले उनीहरुलाई त्यो राक्षसबाट बचाउने उपाय निकाले । आफ्नो तान्त्रिक विद्या अनुसार सो तान्त्रिकले आफुलाई भ्यागुताको रुपधारण गरेर राक्षसको मा गए । भ्यागुतालाई देखेर त्यो राक्षसले मानव बस्ती कहाँ छ भनेर सोधे । भ्यागुताले पनि मानव बस्ती देखाइ दिन्छु भनेर राक्षसलाई खेतको हिलोको दलदल भएको तिर लिएर गए । राक्षस त्यही दलदलमा मा गाडिय र त्यहाँबाट निस्कन सकेन् । त्यो राक्षस रातभरी कराएर बस्यो । भोलिपल्ट बिहान गाउँलेहरुले राक्षस हिलोको दलदलमा गाडिएको देखेर ढुँगा मुढा गरी त्यो राक्षसलाई त्यही मारि दियो र सबै गाउँलेहरु राक्षसको डरबाट मुक्त भए । यही दिनलाई सम्झेर नेवारी समाजमा यो गथांमुग पर्व मनाइएको भनिन्छ । भ्यागुताको सहयोगमा त्यो दुष्ट राक्षसलाई मार्न सफल भएको र मानव कल्याणकारी काम प्रति कृतज्ञ भएर गथांमुग पर्वको दिन (ब्याँ चा जा नकेगु ) भ्यागुतालाई भात खुवाउने परम्परा अद्यापि उपत्यकामा रहेको छ । पहिले काठमांडौ उपत्यकामा जताततै प्रशस्त मात्रामा उव्जाउ जमिन थिए र उव्जाउ पनि प्रशस्त नै हुन्थे । जनसंख्या कम थियो । आदिवासी स्थानीय बासिन्दाहरु बर्ष दिनको लागि खेतिपातीमा व्यस्त हुन्थे । उनीहरु बर्षाको बेला रोपाइँको समयमा घाम पानी हिलो केही नभनी मरीमरी खेतिपातीको काम गर्थे किनकी यसरी मरीमरी काम गरेर बर्ष दिनको लागि अन्नको जोहो गर्नुपर्थ्यो । कुनै कारणवश खेतिपाती राम्रो भएन वा विग्रिएमा अन्नको संकट पर्दथ्यो । त्यसैले बढी मिहेनत गर्नु पर्दथ्यो । जसरी भए पनि काम सिध्याउनुपर्थ्यो । तर काम सजिलो हुँदैन थियो । डल्ला फोर्नु, माटो सम्याउनु, कुलो लगाउनु, धान रोप्नु आदि आदि सबै गर्नुपर्थ्यो । फेरि उपत्यकामा गोरुको प्रयोग गरिदैन । गोरुलाई भगवान पशुपतिनाथको बाहन भएकाले गोरु जोत्न हुँदैन भन्ने मान्यता अद्यापि काठमाडौं उपत्यकामा छ । त्यसैले जम्मै काम हातैले गर्नुपर्थ्यो । यदि यस्तो खेतिपातीको बेला कोही मरे भने पनि आफ्नो काम नसिद्धिएसम्म त्यस लासलाई सुकुलमा बेरेर राख्थे रे र रोपाइँको काम सकिएपछि मात्र शतगति गर्न लैजाने र काज क्रिया गर्दथे रे । नेवारी भाषामा यसरी मरिमरि काम गर्नेलाई सिन्हा ज्या भनिन्छ । यस्तो काम केवल बलिया मान्छेहरुले मात्र गर्न सक्थ्यो तर सबै मानिसहरु बलिया हुँदैन थिए । यस्तो गारो काम गर्न तान्त्रिकले भूतको साधना गरी कुनै मानिसमा भूत चढाउनु पर्दथ्यो र त्यो भूत चढेको मान्छले मात्र यी सबै काम गरि दिन्थ्यो । यसरी सिन्हा ज्या अक्षय तृतीया भन्दा एक दिन अगाडि भूतलाई आह्वान गर्नु पर्दथ्यो र भूतलाई भित्र्याउने काम गरिन्थ्यो । भूतले सबै काम गरि दिन्थ्यो र काम सकिएपछि घरको एक कुनामा सुरक्षित राखिन्थ्यो र श्रावण कृष्ण चतुदर्शी अर्थात् घण्टाकर्णको दिन तान्त्रिक विधिबाट उनीहरुलाई पुजा गरी उनीहरुले गरेको सहयोग प्रति कृतज्ञ बन्दै खोलासम्म लगि विसर्जन गर्ने गरिन्थ्यो भन्ने लोक विश्वास पनि उपत्यकामा रहेको छ । घण्टाकर्णलाई ढोग्ने चलन पनि रहेको छ । वास्तवमा राक्षसलाई ढोग्न नपर्ने हो तर त्यसलाई एउटा शक्ति मानेर वा रोपाइँमा सहयोग गरेको कारण भूतप्रेत प्रति कृतज्ञ बन्दै ढोग्न थालेको अनुमान गरिन्छ । यस दिन भूतहरु यताउता जहाँ पनि भेट हुन सक्ने भनि सबैले अनिवार्यरुपमा फलामको औंठी लगाउनुपर्थ्यो । फलामको औंठी लगायो भने भूतले दु:ख दिदैन भनिन्थ्यो । त्यस्तै गरी बेलुकी पख भूत फर्केर आउला भनेर आफ्नो घरको मूल ढोकामा तिन खुट्टे फलामको किल्ला ठोकिन्थ्यो । दुष्टात्माहरु भगाउने भनेर यसो गरिएको भनिन्छ । यो चाडको मुख्य विशेषता भनेको घर-घरबाट भूत, प्रेत, पिशाच तथा दुष्टात्माहरु धपाउनु हो । हुनत आजभोलि जताततै सिमेन्टका पक्की घर बन्न थालेपछि ढोकामा किला ठोकने चलन हराई सक्यो भने पनि हुन्छ । नेवारी परम्परा अनुसार सिथिनखको दिन सो वर्षभरिका चाडपर्वहरु समाप्त हुन्छ र गथांमुग पर्वका दिन सो वर्षको नयाँ चाडपर्व शुरु भएको मानिन्छ । काठमाडौं उपत्यकामा घण्टाकर्णको दिनलाई आफ्नो खेतको काम रोपाई सकिएको तथा शरद ऋतुको शुरुवात भएको भनि मनाइन्छ । साथै हिन्दु तथा बौद्ध धर्मावलम्बिहरुको अरु चाडहरु प्रारम्भ भएको भनिन्छ । यो प्रचलन लिच्छिवीकालदेखि नै भएको पनि मानिन्छ । सांस्कृतिक हिसाबले तानसेनलाई काठमांडौ पछिको नेवारहरुको सांस्कृतिक गतिविधि भरिएको ठूलो शहरको रुपमा मान्ने गरिन्थ्यो । किनकी तानसेन पहिला नेवार बस्ती नै थियो र संस्कृतिले धनी थियो तर विभिन्न कालखण्डको क्रममा यहाँका नेवारहरु वैकल्पिक कामको खोजीमा तानसेनबाट पलायन हुँदै गए फलस्वरुप तानसेनबाट पुराना मौलिक संस्कृतिहरु पनि विस्तारै लोप हुँदै गए । अहिले ती पुराना संस्कृतिहरुका केही अवशेषहरु मात्र बाँकी छन् ती पनि मौलिकता नभएको । अग्रजहरुको निधन, युवा पुस्तामा संस्कृतिको पुस्तान्तरण हुन नसकेको र संस्कृतिप्रति मोह कम भएको, स्थानीय सरकारको उदासीनता, आर्थिक समस्याका कारण पनि संस्कृति लोप हुँदै गएका कारण हुन भन्नेमा अत्यक्ति नहोला । श्रावण कृष्ण चतुर्दशी आजको दिन तानसेन बजारमा पहिला पहिला टोल टोलमा अग्ला अग्ला घण्टाकर्ण बनाएर चोक चोकमा राख्ने गरिन्थ्यो तर आज भोलि नाम मात्रको गथांमुग घण्टाकर्ण बनाइन्छ । आफ्नो घर परिवारका सदस्यहरुको ग्रह दशा कटेर जाओस् भनेर बर्षको एकदिन भए पनि घण्टाकर्ण बनाई त्यसलाई जौ, तिल, बेसार, नुन, कालो कपडा, दक्षिणा आदि राखि पूजा गर्ने गरिन्छ । बच्चाहरु सो बाटोबाट हिड्नेहरुलाई घण्टाकर्णलाई भेटी चढाउनु पर्यो भनेर डोरी टांगेर बाटो छेकेर बस्थे ,दिएन भने घण्टाकर्णको नाती आयो भनेर घण्टाकर्णलाई ढोग्न लगाउँथे । हुनत यो डोरीले छेक्ने चलन अहिले छैन स्वेच्छाले घण्टाकर्णको पुत्लामा दक्षिणा चढाउने चलन छ । दिनभरी घण्टाकर्णलाई राखेर साँझपख यसमा आगो लगाएर ढलाएर लतार्दै टोलबासीहरु ढोलक, झ्याली बजाउँदै हल्ला गर्दै घण्टाकर्णको पछि लाग्दै जान्छन् र खोल्सामा लगेर फालि दिन्छन् । पहिला पहिला यसरी घण्टाकर्णलाई लग्दै गर्दा बाटोमा अर्को टोलको घण्टाकर्ण भेटियो भने घमासान झगडा हुन्थ्यो रे । घण्टाकर्ण राक्षस भएकोले शायद ति मानिसहरुमा पनि त्यसबेला राक्षसी प्रवृति हावि हुन्थ्यो क्यारे । आज यो परम्परा खुम्चिदै गईसकेछ मुश्किलले एक दुई टोलमा मात्र घण्टाकर्ण बनाएर राख्ने गरिन्छ । यसरी तानसेनको पारम्परिक संस्कृति लोप हुँदै गइरहेको संरक्षण तिर कसैको पहल नदेखिएकाले वि सं. २०७० साल देखि नै देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान आफैले नियमित रुपमा घण्टाकर्ण बनाएर अद्यापि शितलपाटीमा राख्ने गरेको छ । यसका साथै विगतका वर्षहरुमा प्रतिष्ठानले अन्य टोलहरुलाई पनि तानसेनको मौलिक संस्कृतिप्रति जागरुक गराउन कुनै वर्ष घण्टाकर्ण बनाउने प्रतियोगिता सञ्चालन पनि गरेको थियो भने कुनै वर्ष घण्टाकर्ण बनाएर राख्नेहरुलाई आर्थिक सहयोग पनि गर्दै आएको थियो । यो त देउराली प्रतिष्ठानको प्रयास मात्र थियो लोप हुँदै गएको संस्कृति बचाउने ।

घण्टाकर्णको दिनदेखि तानसेनमा लाखे नाच निकालने चलन पनि रहेको छ । भयंकर ख्वापा भएको मकुण्डो लगाएको, शरिरमा चोलो घाँघर हातमा रंगीन कपडाको टुका, घण्टको माला लगाएको लाखे विभिन्न बाजाको तालमा महिना दिनसम्म तानसेन बजारमा नाच्ने गर्दछन् । लाखेलाई घण्टाकर्णको प्रतिक मानिन्छ भने भ्यागुतालाई तीनपाकु अर्थात् ख्यालिण्चाको प्रतीक बनाएर लाखेसँगै नचाउने चलन पनि रहेको छ । जन्माष्टमीको मध्य रातमा श्री रणउजीरेश्वरी भागवती माताको मन्दिर प्रांगणमा घण्टाकर्णको प्रतिकको रुपमा राँगोलाई राक्षसको ख्वापा लगाई दिई मारिन्छ र लाखे समाप्त भएको मान्दछन् । कसैकसैले लाखेलाई घण्टाकर्णको दीदी मान्दछन् र घण्टाकर्ण मारिएपछि उनलाई खोज्न लाखे देखा परेको पनि भन्दछन् । गथामुग, घण्टाकर्ण हाम्रो संस्कृतिहो तर हाम्रो संस्कृति अहिले विस्तारै लोप हुँदैछन् । तानसेनबाट नेवारहरुको पलायन हुनु तथा अन्य जातीहरुको बाहुल्यता हुनुको कारण पनि नेवारी संस्कृति ओझलमा पर्दै गईरहेका छन् भने पनि हुन्छ । अब पनि संस्कृतिको संरक्षण नगर्ने हो भने र यस्को उत्थानको लागि सबै तिरबाट पहल नहुने हो भने पछि गएर तानसेनको संस्कृति एकादेशको कथा हुन के बेर । अस्तु ।

***(लेखक देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानका अध्यक्ष समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान्यजनहरूको सल्लाह लिनुहोस्। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **तुला** : रोकिएका कार्य प्रारम्भ हुनेछन्। उपयुक्त समयको प्रतीक्षा गर्नुहोस्। |
| **वृष** : रोकिएका काम बनाउन सकिनेछ। कार्यक्षेत्रबाट लाभ प्राप्त हुनेछ। | **वृश्चिक** : नयाँ कार्य तर्फ अग्रसर भइनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखार आउनेछ। |
| **मिथुन** : मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ।कामले आफूलाई चिनाउन सक्नुहुनेछ। | **धनु** : अरुको लागि धन खर्च गर्नुपर्ला। पुरुषार्थले प्रतिस्पर्धीहरू हार खानेछन्। |
| **कर्कट** : प्रशंसकहरूले प्रशंसा गर्नेछन्। सुस्त चलिरहेको कार्यमा गति मिल्नेछ। | **मकर** : अध्ययनमा ध्यान केन्द्रित नहोला। धैर्य वा लगनशीलताले उपलब्धि दिलाउनेछ। |
| **सिंह** : कार्यकुशलताको चर्चा हुनेछ। महत्वपूर्ण योजनाहरू सार्वजनिक नगर्नुहोस्। | **कुम्भ** : मन अशान्त वा निराश र हनेछ। सन्तुष्टिको भावना जागृत हुनेछ। |
| **कन्या** : व्यवसायमा मनग्य लाभ मिल्नेछ। शत्रुहरू परास्त हुनेछन्। | **मीन** : समय उत्तम रहनेछ। आफन्त वा मित्रहरूको सहयोग मिल्नेछ। |

# कला मनोरञ्जन

## भारतमा 'सैयारा'को धमाका



न फ्रेन्चाइज फिल्म । न कुनै स्टार कलाकार । न कुनै पर्वमा रिलिज । न प्रचारका लागि कुनै सहरको भ्रमण या मिडिया अन्तर्वार्ता । यसका बाबजूद पनि भारतीय बक्स अफिसमा फिल्म 'सैयारा'ले धमाका मच्चाएको छ । गीतको लोकप्रियता र ट्रेलरले बनाएको 'हाइप'ले फिल्मलाई नसोचेको ओपनिङ दिलायो । यो सन् २०२५ को सबैभन्दा ठूलो ओपनिङ हासिल गर्ने चौथो फिल्म बनेको छ । 'सैयारा'ले झन्डै २२ करोडको ओपनिङ गरेको थियो । दोस्रो दिन फिल्मको व्यापार झन् आक्रामक रह्यो । शनिबार फिल्मले २६ करोड २५ लाखको व्यापार गरेको थियो । आइतबारको सार्वजनिक विदामा फिल्मले भारतीय बक्स अफिसमा थप उछाल कायम गरेको छ । फिल्मले तेस्रो दिन ७५-८० प्रतिशत अकुपेन्सीसहित ३७ करोड कमाइ गरेको ट्रेड पोर्टल 'स्याकनिल्क'ले जनाएको छ । योसँगै फिल्मको तीन दिनको कुल व्यापार ८५ करोड पुगेको छ । यो नेट कमाइ हो । ४५ करोडको लागतमा बनेको फिल्मले दुई दिनमै लगानी सुरक्षित गरेर मुनाफासहित 'हिट'को ट्याग पाइसकेको छ । फिल्मको व्यापारिक रफ्तार हेर्दा यसको कमाइ २ सय करोड नाघ्ने देखिन्छ । सोमबारको कमाइबाट फिल्मले एक सय करोडको आँकडा नघाउन सक्ने ट्रेड एनालिस्टहरुको प्रक्षेपण छ । प्रदर्शनको तीन दिनमा 'सैयारा'ले कमाइको मामलामा बलिउडका ठूला स्टारका ६ वटा फिल्मलाई पछि पारिसकेको छ । 'रेड २', 'स्काइ फोर्स', 'जाट', 'सितारे जमिन पर', 'केशरी च्याप्टर २' र 'भूल चुक माफ'ले तीन दिनमा गरेको कमाइभन्दा 'सैयारा'को बढी छ । सोमबार (आज) को कमाइबाट यो फिल्मले सलमान खान अभिनीत फिल्म 'सिकन्दर'को चार दिने कलेक्सनलाई पनि उछिन्नेछ । 'आशिकी २', 'एक भिलेन' जस्ता फिल्मका निर्देशक मोहित सूरीको निर्देशनमा बनेको यो म्यूजिकल ड्रामामा अहान पाण्डे र अनीत पड्डा मुख्य भूमिकामा छन् । दुवैको यो डेब्यु फिल्म हो । तर, पहिलो फिल्म भए पनि उनीहरु अभिनयमा सशक्त देखिएका छन् । अहान बलिउड अभिनेता चंकी पाण्डेका भतिज हुन् । उनले डेब्युपूर्व तीनवटा फिल्ममा सहायक निर्देशक भएर काम गरेका थिए ।

*-फिल्मी खबर डटकम*

## प्रकाश सपुतको 'नाइँ भनेसी नाइँ' मा रेखा थापा






गायक तथा अभिनेता प्रकाश सपुत पछिल्लो समय संगीतभन्दा फिल्ममा व्यस्त छन् । फिल्म निर्देशन र अभिनयमा लागेपछि उनले पहिलेजस्तो सांगीतिक सिर्जनाहरू ल्याएका छैनन् । यसैबीच तीजको अवसर पारेर उनले नयाँ गीत सार्वजनिक गर्दैछन् । उनले ल्याउन लागेको गीत 'बदला बरिलै २' मा पछिल्लो पुस्ताका दुई चर्चित गायिकाहरू समीक्षा अधिकारी र एलिना चौहानले स्वर दिएका छन् । प्रकाशले गीतको शीर्षक 'नाइँ भनेसी नाइँ' राखेका छन् । शनिबार एक पोस्टर सार्वजनिक गर्दै उनले नयाँ गीत ल्याउन लागेको जानकारी दिएका थिए ।

प्रकाशले यो गीतको भिडिओको छायांकन समेत सकेका छन् । अहिले सम्पादन भइरहेको गीतको भिडिओमा अभिनेत्री रेखा थापाले अभिनय गरेकी छन् । उनले सामाजिक सञ्जालमा एक पोस्टर सार्वजनिक गर्दै यसबारे जानकारी दिएकी छन् । म्युजिक भिडिओमा विरलै काम गरेकी रेखाले यसपटक प्रकाशसँग सांगीतिक सहकार्य गरेकी हुन् । यो उनको वर्षौंपछिको म्युजिक भिडिओ हुनेछ । आनन्द कार्कीको स्वर रहेको चर्चित गीत 'लाग्छ मन हेरिरहुँ' मा रेखाले अभिनय गरेकी थिइन् । त्यस्तै 'बदला बरिलै २' को भिडिओमा रेखासहित अर्की एक अभिनेत्रीले समेत अभिनय गरेकी छन् । यो गीतलाई साउन १६ गते सार्वजनिक गर्ने तयारी प्रकाशको छ । 'बदला बरिलैङ्ग को कुरा गर्दा प्रकाशले देवी घर्तीको स्वरमा ४ वर्षअघि यो गीत सार्वजनिक गरेका थिए । केकी अधिकारी अभिनीत गीतले राम्रो चर्चा पाएको थियो । त्यसमा प्रकाशले बलात्कारको घटनाविरूद्धको आवाज उठान गरेका थिए । 'बदला बरिलै २' मा पनि उनले महिला हिंसाविरूद्धको कथा उठाएको गीतको शीर्षक र रेखाको सार्वजनिक पोस्टरबाट आँकलन गर्न सकिन्छ ।

> *प्रकाशले यो गीतको भिडिओको छायांकन समेत सकेका छन् । अहिले सम्पादन भइरहेको गीतको भिडिओमा अभिनेत्री रेखा थापाले अभिनय गरेकी छन् । उनले सामाजिक सञ्जालमा एक पोस्टर सार्वजनिक गर्दै यसबारे जानकारी दिएकी छन् । म्युजिक भिडिओमा विरलै काम गरेकी रेखाले यसपटक प्रकाशसँग सांगीतिक सहकार्य गरेकी हुन् । यो उनको वर्षौंपछिको म्युजिक भिडिओ हुनेछ । आनन्द कार्कीको स्वर रहेको चर्चित गीत 'लाग्छ मन हेरिरहुँ' मा रेखाले अभिनय गरेकी थिइन् । त्यस्तै 'बदला बरिलै २' को भिडिओमा रेखासहित अर्की एक अभिनेत्रीले समेत अभिनय गरेकी छन् ।*

*-सेतोपाटी डटकम*

## मौलिक तीज गीत 'श्रीमानज्यू' सार्वजनिक



गायिका कविता अर्यालको तीज गीत 'श्रीमानज्यू' सार्वजनिक गरिएको छ । राष्ट्रिय लोक सञ्चारकर्मी नेपालद्वारा आयोजित एक कार्यक्रमका बिच गीत सार्वजनिक गरिएको हो । कार्यक्रममा गायक, सङ्गीतकार तथा चलचित्र निर्देशक नारायण रायमाझी,राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्व अध्यक्ष बद्री पङ्गेनी, लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका वरिष्ठ उपाध्यक्ष पशुपति शर्मा, निर्देशक शंकर बिसी, गोविन्द गिरी, हरिबल्लभ नेपाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा नारायण रायमाझीले पछिल्लो समय तीजका अवसरमा भड्किला गीतहरूले चर्चा कमाइरहेको समयमा मौलिक गीत सार्वजनिक गरेकोमा खुसी व्यक्त गरे । उनले भने - 'कुनै एक व्यक्ति वा संस्थाले मात्र साङ्गीतिक क्षेत्रमा भएको विकृतिलाई हटाउन सक्दैन । त्यसको लागि प्रत्येक कलाकारले आफैँलाई सेन्सर गर्नु पर्छ ।' गायक शर्माले आजका श्रीमतीलाई घरमा मात्र सीमित बनाउन नहुने बताए । नारीको इच्छा बुझेर करिअर निर्माणका लागि श्रीमानहरुले पनि उत्प्रेरित गर्नु पर्नेमा जोड दिए । गायक पंगेनीले गीत संगीतमा देखिएको विकृतिले साङ्गीतिक क्षेत्रलाई धुमिल बनाउने हुँदा चलचित्रमा जस्तै सेन्सरसिपको आवश्यकता भएको धेरै अगाडिदेखि महसुस गरेको बताए । कविता अर्यालको सिर्जनात्मक क्षमताको प्रशंसा गर्दै मौलिक गीत सार्वजनिक गरेकोमा बधाई दिए । सार्वजनिक गीतमा कविता अर्यालको स्वर, रमेश परियारको शब्द तथा संगीत छ । कृष्ण केसीले संगीत संयोजन गरेको गीतलाई खड्का बार्बुरालीले मिक्सिङ तथा मास्टरिङ गरेका हुन् । शंकर बिसीको निर्देशन तथा कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा लोसिना लामिछानेले कम्मर मर्काएकी छिन् । दुर्गा पौडेलले छायाङ्कन गरेको भिडियोलाई नवीन घर्तीले सम्पादन गरेका हुन् ।

*-रातोपाटी डटकम*

## 'होस्टेल'को चौथो शृंखला बन्ने




चलचित्र 'होस्टेल'को चौथो शृंखला पनि निर्माण हुनेभएको छ । गत वर्षको फागुनमा प्रदर्शन भएको 'होस्टेल ३' व्यावसायिक रूपमा सफल भएपछि यसैको समूहले 'होस्टेल अगेन' शीर्षकमा चलचित्र बनाउन लागेको हो । सोमबार थिम पोष्टर सार्वजनिक गर्दै चलचित्र निर्माणबारे जानकारी गराइएको हो । पोष्टरमा रगत लतपतिएको चक्कुले गुलाबको फूल र आधा च्यातिएको डायरीको पानालाई थिचेको देखिनुले यो चलचित्र 'होस्टेल' सिरिजका अघिल्ला टिनएज ड्रामाभन्दा फरक हुनेअनुमान गर्न सकिन्छ । चक्कु र गुलाबको संयोजनले प्रेम र द्वन्द्वलाई दर्शाउँछ । निर्देशक सशान कँडेलका अनुसार चलचित्र थ्रिलर र सस्पेन्स कथामा बन्नेछ । यसअघि उनले 'होस्टेल ३' निर्देशन गरेको थियो ।
चलचित्रमा निर्देशकसँगै लेखक माधव शर्मा, निर्माण कम्पनीहरू सम्मान इन्टरटेन्मेन्ट र आरोन कन फिल्मस् एवं कार्यकारी निर्माता शंकर कोइराला पनि दोहोरिनुभएको छ । अघिल्ला शृंखला झैं 'होस्टेल अगेन'ले पनि नयाँ प्रतिभाहरू जन्माउने अपेक्षा गरिएको छ । चलचित्रमा कलाकारहरू भने तय भएका छैनन् । 'होस्टेल ३' रिलिजपछि निर्माण समूहले गत चैतमा 'बाउ भर्सेज छोरा' नामक चलचित्र पनि घोषणा गरेको थियो । तर, यसमा अनुबन्ध भएका पदम तामाङसहितका कलाकारहरूको समय व्यस्तताका कारण उक्त चलचित्र अर्को वर्षलाई सारिएको निर्देशक कँडेलले जानकारी गराए । उनका अनुसार 'होस्टेल अगेन' भने यसै वर्ष बन्नेछ ।

*-इहिमालय टाइम्स डटकम*

## एकैदिन ६० फिल्मको पटकथा बोर्डमा बुझाइयो



छायांकन पुरुषोत्तम प्रधानले एकैदिनमा ६० फिल्मको पटकथा चलचित्र विकास बोर्डलाई बुझाएका छन् । सोमबार बोर्ड पुगेर उनले अध्यक्ष दिनेश डीसीलाई स्क्रिप्ट बुझाए । सो अवसरमा बोर्ड अध्यक्ष डीसीले नेपाली चलचित्रको समृद्ध इतिहास संरक्षणको लागि अमूल्य उपहार हुने बताए । 'पटकथा नै चलचित्रको आत्मा हो । यी स्क्रिप्ट संरक्षित गर्नाले भविष्यका चलचित्रकर्मीका लागि प्रेरणा र शोधको स्रोत बनेको छ' उनले भने । पटकथा हस्तान्तरण गरिएका फिल्ममा छक्कापञ्जा ३, कबड्डी १-२-३, लुट १ र २, नाई नभन्नू ल १, २, ४ र ५ छन् । साथै, लप्पन छप्पन १ र २ छन् । अन्य फिल्ममा दासढुङ्गा, झोले, ड्रिम्स, राजा रानी, जय भोले, मायाज् वार कृ, फिटकिरी, उमा, प्रेमगीत २, तान्द्रे, होमवर्क, थ्री लभर्स, कमला, सिग्नेचर, जय होस्, ऐँचो-पैँचो, ६ एकान ६, द विनर, मेरी मञ्जु, महाजात्रा, लक्का जवान, मेरो एउटा साथी छ, आईएमसरी, रातो टीका निधारमा, चपली हाइट ३, इकु, कान्छी, कार्साङ लगायतका फिल्म छन् । केही फेस्टिभलमा अवार्ड जितेका फिल्मका पटकथा पनि छन् । अध्यक्षमा नियुक्त भएलगत्तै अध्यक्ष डीसीले पटकथा संग्रहालय स्थापना गरेका थिए । सोही अभियानअन्तर्गत बोर्डले पटकथा मागिरहेको छ । अहिलेसम्म बोर्डमा २०० भन्दा धेरै फिल्मले पटकथा बुझाएको अध्यक्ष डीसीका सचिवालय संयोजक जनक खड्काले बताए ।

*-अनलाइन खबर डटकम*

# पाल्पामा वृक्षारोपण गरेर काँग्रेसले मनायो वि.पि स्मृति दिवस



**पाल्पा,** साउन ६/प्रथम जननिर्वाचित प्रधानमन्त्री वि.पि. कोइरालाको ४३ औं स्मृति दिवस मंगलबार पाल्पामा वृक्षारोपण गरि मनाइएको छ । नेपाली काँग्रेसले जिल्लाका विभिन्न स्थानमा वृक्षारोपण गरी दिवस मनाएको हो ।

यहाँका १० वटै स्थानीय तहभित्रका डाँडाहरुमा वृक्षारोपण गर्नुको साथै विगतमा रोपिएका विरुवाको सरंक्षण गर्ने काम गरिएको काँग्रेसले जनाएको छ । पछिल्लो समय जलवायु परिवर्तनको असर बढ्दै गएको र वातावरणलाई स्वच्छ राख्न वि.पि.को स्मृतिमा वृक्षारोण गरिएको नेपाली काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरेले बताए । उनका अनुसार यहाँका खाली डाँडाँहरुमा टिमुर, तेजपात, आँप, बेलाउती, ओखर लगायतका ५ सय विरुवाहरु लगाइएको छ । सामान्य दृष्टिले वृक्षारोपणलाई विरुवा रोप्ने कामको रुपमा हेरिए पनि यो पारिस्थितिक प्रणालीको निर्माण गर्ने र सामाजिक आवश्यकताहरुको परिपूर्ति गर्ने काम भएको सभापति गहिरेले बताए । उनले भने "विग्रदै गएको पारिस्थितिक प्रणालीको पुनर्भरणको लागि रुख नासिएको वन क्षेत्र, रुख विरुवा नभएको अन्य क्षेत्रमा विरुवा हुर्काएर हराभरा बनाउने, पारिस्थितिक प्रणालीको संरक्षण गर्ने, पानीका श्रोत तथा जमिनको संरक्षण गर्ने उद्देश्य काँग्रेसको रहेको छ ।" विपिले समेत वृक्षारोपणलाई जोड दिने गरेका कारण पनि काँग्रेसले त्यसलाई निरन्तरता स्वरुप वृक्षारोपण र गरेका विरुवाको संरक्षण गर्ने गरेको काँग्रेसका जिल्ला सचिव सन्तोष थापा मगरले बताए । उनले भने "प्राकृतिक प्रकोप रोक्न बोटबिरुवाले मुख्य भूमिका खेल्छन् । बाढी पहिरो नियन्त्रण गर्न, वन डढेलोलाई नियन्त्रण गर्न, रुख रोप्ने पुरानै चलन हो । रुख विरुवा नभए प्रकोप बढ्छ भन्ने चेत हाम्रा पुर्खामा भएकोले खानेपानीका श्रोतको नजिक, नदी किनार, वस्ती छेउँछाउँ विभिन्न किसिमका रुखहरु रोप्ने गरिन्थ्यो । अहिले त्यो विस्तारै हराउँदै समेत गएको छ । त्यसलाई हामीले हरेक वर्ष अरुलाई पाठका रुपमा समेत सिकाउदै र देखाउँदै आएको छौं ।" खाली डाँडाँहरुमा वृक्षारोपण गरेर प्रशसंनिय काम भएको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । उनले भने "मानव वस्ती विकास हुँदै गएको अवस्थामा रुख, विरुवाहरुसमेत मासिदै गएका छन्, नयाँ रोप्ने सोंच कसैमा छैन् । यस्तो अवस्थामा काँग्रेसले आफ्ना नेताको स्मृतिमा वृक्षारोपण गरेर अनुकरणीय काम गरेको छ ।" आगामी दिनमा नगर सरकारले पनि यस्ता कामहरुमा ध्यान दिने नगर प्रमुख श्रेष्ठको भनाई छ । आज यहाँका तानसेन, रिब्दीकोट, रैनादेवी छहरा, माथागढी, तिनाउ, रम्भा, पूर्वखोला,निस्दी, बगनासकाली, रामपुर भित्रका खाली डाँडाहरुमा विभिन्न प्रजातिका विरुवाहरु रोप्नुको साथै पहिले रोपिएका विरुवाहरुको संरक्षण र सरसफाई गर्ने काम गरिएको अर्का पार्टी सचिव सुनिता अधिकारीले बताइन् । विपिको स्मृतिमा केही पालिकाहरुले अन्तर्क्रिया, छलफल र चिन्तन मनन् समेत गरे । राष्ट्रको रक्षा तथा राष्ट्रियताका लागि वि.पि.को विचार र आदर्शको राजनीतिलाई अहिले अगाल्न आवश्यक रहेको काँग्रेस जिल्ला सदस्य सुरेश बोहोराले बताए । उनले भने "वि.पि.को सिद्धान्तकै कारण देशबाट राणा शासन, एकदलीय व्यवस्था र निरंकुश राजतन्त्र हटाउन काँग्रेस सफल भएको हो ।"तानसेन-१० तेल्घाको भारकेसडाँडामा भएको वृक्षारोपणमा नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजनप्रसाद पन्त, काँग्रेस लुम्बिनी प्रदेश सदस्य लालकुमारी राना, काँग्रेसका जिल्ला कोषाध्यक्ष मोहन श्रेष्ठ, पार्टी प्रवक्ता शोभाकर न्यौपाने, काँग्रेस क्षेत्र नं १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, महासमिति सदस्य देवराज ढकाल, काँग्रेसका पूर्व जिल्ला सचिव अजयमान कर्मचार्य, महाधिवेशन प्रतिनिधि शिवचन्द्र खनाल, शिक्षक संघ पाल्पाका सभापति लक्ष्मण बस्याल लगायतका नेताहरु समेत पुगेका थिए ।

## गुल्मी बाढी र पहिरोको...

...त्यसका कारण बाढी र पहिरोको जोखिममा रहेका परिवार बर्सातमा ढुक्कले निदाउने अवस्था नरहेको नागरिक समाजका अध्यक्ष पदम पाण्डेयले बताए ।

उनले बाढी र पहिरोबाट विस्थापितलाई लामो समय राख्ने स्थानीयस्तरमा संरचना नभएको हुँदा जिल्लामा सयौँ परिवार बाढी र पहिरोमा जोखिम मोलेरै बस्नुपर्ने बाध्यता रहेको बताए । विसं २०७६ मा पहिरोका कारण सत्यवतीको लुम्पेकमा करिब ७०० परिवार पहिरोका कारण विस्थापित बनेर लामो समय विद्यालयमै आश्रय लिएर बस्नुपरेको थियो । जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले बाढी र पहिरोको जोखिम स्थान पहिचान गरेर सुरक्षा टोलीलाई सतर्कतासहित तैनाथी अवस्थामा राखिएको बताए । जिल्लामा विपद् व्यवस्थापन समितिले हरेक वर्ष विपद् प्रतिकार्य योजनासमेत बनाउँदै आएको छ ।

## खेलकुद समाचार

### साफ च्याम्पियनशिपको उपाधि बङ्गलादेशलाई



**काठमाडौं,** साउन ६/बङ्गलादेशले २० वर्षमुनिको महिला साफ च्याम्पियनशिप जितेको छ । अन्तिम खेलमा नेपाललाई ४-० गोलले हराउँदै बङ्गलादेश पाँचौं पटक च्याम्पियन बनेको हो । अहिलेसम्म बङ्गलादेश र भारतले मात्र यो प्रतियोगिताको उपाधि जितेका छन् । भारतले जम्मा २ पटक उपाधि जितेको छ । नेपाल तेस्रो पटक उपविजेतामा सीमित बन्यो । यसअघि सन् २०१८ र २०२३ मा नेपाल उपाधिबाट चुकेको थियो । दुवै पटक नेपाल बङ्गलादेशसँग नै हारेको थियो । नेपाल तीन पटक तेस्रो भएको इतिहास छ । बङ्गलादेश ६ खेलमा सबै जितेर १८ अङ्कसहित च्याम्पियन बन्यो । ६ खेलमा ४ मा जीत र २ हारका साथ नेपाल १२ अङ्कसहित दोस्रो बनेको छ । नेपालले बङ्गलादेशसँग पहिलो खेलमा ३-२ ले पराजित भएको थियो । बङ्गलादेशसँग हारे पनि नेपालले श्रीलङ्का र भूटानविरुद्ध सानदार जीत निकालेको थियो ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से उच्च अङ्कले वृद्धि



**पाल्पा,** साउन ६/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धिसँगै कारोबार रकम पनि बढेको छ । मंगलबार नेप्से परिसूचक ८० दशमलव ९७ अङ्कले बढेर दुई हजार ९७३ दशमलव ७० बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ७९ प्रतिशतको वृद्धि हो ।

नेप्सेमा ३१९ कम्पनीको चार करोड ३५ लाख ८१ हजार २२८ कित्ता शेयर एक लाख ७७ हजार १०१ पटक खरिदबिक्री हुँदा रू २० अर्ब आठ करोड ५३ लाख ६७ हजार २९३ बराबरको कारोबार भएको छ । सोही दिन कारोबार पछि बजार पुँजीकरण रू ४९ खर्ब ६२ अर्ब १२ करोड नाघेको नेप्सेले जनाएको छ । सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ६३, जीवन बीमा समूह चार दशमलव ३६ र लघुवित्त समूह चार दशमलव ०७ प्रतिशतले बढेको छ । बैङ्किङ दुई दशमलव १०, विकास बैङ्क दुई दशमलव २६, वित्त एक दशमलव ९४, होटल तथा पर्यटन तीन दशमलव ४४ र जलविद्युत् समूह एक दशमलव ९० प्रतिशतले बढेको छ । त्यसैगरी, लगानी तीन दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ५६, निर्जीवन बीमा दुई दशमलव ५६, व्यापार एक दशमलव ०१ र अन्य समूह तीन दशमलव २६ प्रतिशतले बढेको छ । कारोबारमा ट्रेड टावर लिमिटेड, शिवम् सिमेन्ट लिमिटेड, सान्भी इनर्जी लिमिटेडलगायत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा एलबीबीएल डिबेञ्चर-२०८९ तीन दशमलव ९४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रू ७१ करोड ८८ लाख ८५ हजार ७४५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सनराईज फोकस्ड इक्विटी फण्डको २२ लाख ३७ हजार ३९५ कित्ता शेयर खरिदबिक्री भएको छ ।


**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

तानसेन नगरपालिका वडा नं.१ र ६ , पाल्पामा पर्ने **मिसन अस्पताल-टुडिखेल सडक खण्ड** यस कार्यालयसँग सम्झौता भई रामदेबी डिजाइन एण्ड विल्डर्स प्रा. लि., काठमाण्डौबाट निर्माण कार्य भइरहेकामा सो सडक खण्डमा कालोपत्रे गर्ने कार्य सुरु हुन गएको र उक्त सडक खण्ड **मिति २०८२/०४/०७ देखि मिति २०८२/०४/१५** सम्म बन्द हुने हुँदा बैकल्पिक सडक प्रयोग गरी सहयोग गरिदिनुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरीएको ब्यहोरा अनुरोध छ । यस कार्यबाट सर्वसाधारणमा पर्न गएको असुविधा प्रति क्षमा याचना गर्दछौं ।



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई